# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, श्रावण २७ गते २०२६ साल [ अतिरिक्ताङ्क २०

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

विभूषण नियमावली २०२३ (यस नियमावलीमा यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमको नाम विभूषण (सातौं संशोधन) नियमावली, २०२६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ को उप–नियम (१) मा संशोधनः– मूल नियमावलीको नियम ४ को उप–नियम (१) को सट्टा देहायबमोजिम उप–नियम (१) राखिएको छ ।

"(१) विदेशी राज्यका गद्दी नशीन राजा वा गद्दी नशीन रानीलाई मात्र महेन्द्रमालाको मानपदवी प्रदान हुन सक्नेछ ।

९५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसरी प्रदान भएको महेन्द्रमालाको मानपदवी ग्रहण गरिबक्सने राजा वा रानीको स्वर्गारोहण भएमा वा पद्दी त्यागी बक्सेमा सो मानपदवी राजकीय सम्पत्ति कोष, राजदरबारमा फिर्ता पठाउनु पर्नेछ।"

हुकुमबक्सेबमोजिम
मि. सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।